# सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।


पत्र संख्या : २०८२/८३
चलानी नं. : ९

मितिः २०८२/४/२

नेपाल संवत् ११४५

विषयः आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

प्रदेश सभाबाट सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ पारित भई माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०८२/०३/२९ मा प्रमाणीकरण भएको छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि तहाँ अन्तर्गत निकायहरूमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पूरा हुने विश्वास लिएको छु। बजेटले लिएका उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ। समग्र वित्तीय अनुशासन कायम गर्दै बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ र नियमावली, २०८० को अनिवार्य रुपमा परिपालन गर्न/गराउन सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा ९ को उपदफा (३) र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम २८ को उपनियम (३) बमोजिम बजेट कार्यान्वयन मार्गदर्शन पठाएको छु।

आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट सम्बन्धमाः

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले कार्यान्वयन इकाइलाई बजेट निकासा गर्नु पर्नेछ।

२. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ। तर, उक्त समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्य हेरी बाँडफाँट गरिदिन सक्नेछ।

३. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा आर्थिक मामिला मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ। तर, स्वीकृत आयोजना वा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भनि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतबाट संवत् २०८२ साल पुस महिनाभित्र अनुरोध भई आएमा लक्ष्य, उद्देश्य र स्रोतमा

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : ७

परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो संशोधन गर्न सक्नेछ।

४. नदी नियन्त्रण, तटबन्ध, भू-संरक्षण, घेरबार तथा पर्खाल, सिंचाई कुलो, खानेपानी, मठ मन्दिर, विद्यालय भवन लगायत सबै नयाँ सार्वजनिक निर्माणका कार्यहरू संस्थागत बैधानिक समिति वा प्रचलित कानून बमोजिम ठेक्का प्रक्रियामार्फत गर्नु गराउनु पर्नेछ।

५. स्वीकृत आयोजना वा कार्यक्रममा विनियोजित बजेटको सीमाभित्र रही प्रचलित कानून बमोजिम खरिद प्रक्रिया सुरू गर्नु पर्नेछ। त्यसरी खरिद प्रक्रिया सुरू गर्दा बहुवर्षीय दायित्व सिर्जना हुने भएमा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

६. बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको हकमा त्यस्तो स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षको जेठ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो स्रोत सहमति स्वतः रद्द हुनेछ।

७. स्रोत सहमति नलिई स्वीकृत वार्षिक विकास कार्यक्रममा विनियोजित रकमभन्दा बढी खर्च गरेको अवस्थामा यस मन्त्रालयबाट कुनै प्रकारको थप बजेट निकासा वा रकमान्तर गरिने छैन। यसरी थप हुने दायित्वका सम्बन्धमा सम्बन्धित मन्त्रालय वा अन्य निकायका लेखा उत्तरदायी अधिकृत नै सम्पूर्ण रूपमा जिम्मेवार हुनुपर्नेछ।

८. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने छैन।

९. आर्थिक वर्षको बीचमा प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

१०. स्वीकृत कार्यक्रमभन्दा बढी आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा त्यस्तो विषयमा प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्नुपूर्व अनिवार्य रूपमा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

११. स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य कुनै आयोजना तथा कार्यक्रम थप गरिने छैन। तर, विपद् व्यवस्थापन, महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्यता, प्रदेश सरकारको आन्तरिक स्रोत वृद्धिमा सकारात्मक प्रभाव पार्ने आयोजना तथा कार्यक्रमको हकमा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

१२. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त हुने ससर्त अनुदानको रकम जुन कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रमको लागि प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम मात्र खर्च गर्नु गराउनु हुनेछ। स्वीकृत मापदण्ड र कार्यविधि विपरीत खर्च भएको पाइएमा सम्बन्धित निकायले नै सोको पूर्ण जिम्मेवारी लिनुपर्ने व्यहोरा ध्यानाकर्षण गराउन चाहन्छु।

१३. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुने अस्थायी जनशक्ति योजना संवत् २०८२ साल प्रथम त्रैमासिकभित्र आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त गर्नु पर्नेछ।

प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : १

१४. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नुहुने छैन। नेपाल सरकारबाट अनुमति लिई आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार मात्र वैदेशिक भ्रमण गर्नु हुनेछ।

१५. नेपाल सरकारबाट हस्तान्तरण हुने ससर्त अनुदानतर्फका कार्यक्रम संशोधन गर्नु परेमा तलब भत्ता बाहेकको रकममा मात्र वार्षिक परिमाणात्मक लक्ष्य नघट्ने, स्रोत फरक नपर्ने र कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई आर्थिक मामिला मन्त्रालयमा पेस गर्नु हुनेछ।

१६. स्वीकृत वार्षिक कार्यक्रमका लागि विनियोजित बजेट तेस्रो त्रैमासिक अवधिसम्म खरिद प्रक्रिया सुरू नभएका वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्वत् २०८३ वैशाख १५ गतेभित्र अनिवार्य रूपमा आर्थिक मामिला मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

१७. प्रस्तुत मार्गदर्शनको आधारमा तहाँ मन्त्रालयबाट बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तयार गरी यथाशीघ्र आफू मातहतका निकायमा पठाउनु हुनेछ र सोको जानकारी यस मन्त्रालयलाई उपलब्ध गराउनु हुनेछ।

(ख) <u>बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्था:</u>

१८. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले कार्तिक मसान्तभित्र निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन तयार गरी स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु पर्नेछ। तर, थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ। स्वीकृत निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१९. तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य प्रारम्भ नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी त्यस्ता निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२०. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित पूर्व स्वीकृति लिने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। आवश्यक्तानुसार राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धिप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु तथा गराउनु हुनेछ।

२१. आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरवन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने र

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : ९

दरवन्दीभन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भए अस्थायी दरवन्दी स्वीकृत गरी मात्र पठाउने व्यवस्था गर्नु गराउनु हुनेछ।

२२. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचक, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ। यसैगरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि एवम् अन्तरनिकाय समन्वय लगायतका विषयमा प्रारम्भमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ।

२३. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय वा अन्य निकायले निर्देशनालय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ।

२४. आयोजना तथा कार्यक्रम कार्यान्वयनको भौतिक प्रगति र गुणस्तरका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो त्रैमासिक निकासा भुक्तानीको लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सहकारीज्यूबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पूरा गर्ने प्रतिवद्धता प्राप्त गरी निकासा/भुक्तानी व्यवस्था मिलाउनु हुनेछ।

२५. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ मा भएको व्यवस्था अनुसार तहाँबाट आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागू गर्नु हुनेछ। बजेट तथा कार्यक्रम कार्यान्वयनमा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत समग्र रूपमा जिम्मेवार हुनु पर्नेछ।

२६. पुँजीगत परामर्शबाट सम्पादित क्रियाकलापको अध्ययन प्रतिवेदन त्रैमासिक रूपमा अवधि समाप्त भएको १५ दिनभित्र यस मन्त्रालयमा अनिवार्य रूपमा उपलब्ध गराउनु हुनेछ र सोको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. मन्त्रालय तथा मातहतको निकायबाट वितरण गरिने अनुदानलाई उत्पादन र प्रतिफलसँग आवद्ध गर्दै एउटै व्यक्ति, फर्म, संस्थाले दोहोऱ्याएर अनुदान प्राप्त गर्न नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ। त्यसरी वितरण गरेको अनुदान र लाभग्राहीको विवरण त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र अनिवार्य रूपमा यस मन्त्रालयमा उपलब्ध गराई सोको विवरण सार्वजनिक गर्ने व्यवस्था समेत मिलाउनु हुनेछ।

२८. प्रदेश सरकारबाट हुने सबै भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुने गरी कम्प्युटरीकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System-CGAS) मार्फत भुक्तानी, निकासा र खर्च लेखाङ्कन हुने व्यवस्था मिलाउनु हुनेछ।

२९. आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/ कार्यक्रम/ क्रियाकलापको नाम वा उद्देश्य एउटै भई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

सुदूरपश्चिम प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय धनगढी, कैलाली नेपाल

पत्र संख्या : २०८२/८३
चलानी नं. : 9

दोहोरो प्रविष्टि भएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनौट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी आर्थिक मामिला मन्त्रालयमा सम्वत २०८२ साल साउन मसान्तभित्र बजेट समर्पण गर्नु हुनेछ। सो समयावधि भित्र समर्पण हुन नआएमा आर्थिक मामिला मन्त्रालयले जुनसुकै बखत समर्पण गराउन सक्नेछ।

३०. आर्थिक वर्ष २०८२/८३ को बजेटमा समावेश भएका नयाँ कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा सो आयोजनामा संघ र स्थानीय तहबाट बजेट विनियोजन भए/नभएको यकिन गर्दै दोहोरो नपर्ने गरी समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. प्रदेश विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्तर्गतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले सम्वत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न आर्थिक मामिला मन्त्रालयमा पठाउनु हुनेछ।

(ग) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धमा:

३२. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा दोस्रो त्रैमासिक अवधिभित्र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय र आर्थिक मामिला मन्त्रालयको सहमति सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) मा वित्तीय हस्तान्तरण सम्बन्धी प्रस्ताव पेस गर्नु पर्नेछ। प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट प्रस्ताव स्वीकृत भए पश्चात् विषयगत मन्त्रालयको निर्णय सहित त्यस्तो योजना वा कार्यक्रम ससर्त अनुदानको रूपमा हस्तान्तरण गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय संलग्न राखी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ। सो हस्तान्तरणको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय र सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

३३. स्थानीय तहमा ससर्त अनुदानबाट संचालन हुने कार्यक्रम/आयोजना कार्यान्वयनका लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ। वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा ससर्त अनुदानबाट संचालन हुने कार्यक्रम/आयोजना कार्यान्वयन हुने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

३४. प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा माघ मसान्तभित्र अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारीसहित सहमति दिन सक्नेछ। प्रदेश सरकारको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने स्वीकृति प्राप्त भएमा संघीय कार्यालयलाई प्रदेश सरकारको एकल खाता कोष प्रणाली (टी.एस.ए.) मा प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रचलित कानून बमोजिम रकम निकासा दिनु पर्नेछ। तर, प्रशासनिक र

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : ९

चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई सुरू विनियोजन बाहेक कुनै रकम उपलब्ध गराइने छैन।

३५. स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा दोस्रो त्रैमासिकसम्ममा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

३६. प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका समपूरक तथा विशेष अनुदानमार्फत कार्यान्वयन हुने स्वीकृत कार्यक्रमहरूको प्रगति विवरण वा कार्यसम्पन्न प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय माध्यमबाट पेस नगरी सो कार्यक्रमका लागि विनियोजित रकमको अन्तिम किस्ता भुक्तानी नगर्ने व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउने छ।

३७. त्रुटिपूर्ण डिजाइन र स्पेशिफिकेशन तयार गरी अस्वभाविक दायित्व सिर्जना गर्ने व्यक्तिलाई कानून बमोजिम जवाफदेही बनाउनु हुनेछ।

३८. निर्माणस्थलको व्यवस्थापन, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृति लगायतका आयोजना पूर्व तयारीका कार्यहरू पूरा गरेर मात्र खरिद प्रक्रिया शुरू गर्नु/गराउनु हुनेछ।

३९. जग्गा प्राप्ति, वन क्षेत्रको स्वीकृति लगायत तयारी पूरा भएका आयोजनालाई शीघ्र खरिद प्रक्रियामा लैजाने व्यवस्था गर्नु हुनेछ।

४०. भवन निर्माणको लागि विनियोजन भएको रकमबाट सरकारी स्वामित्वको जग्गामा मात्र निर्माण कार्य गर्नु गराउनु हुनेछ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदनः

४१. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ अनुसार रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संकेत भित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) पुँजीगत अनुदान शीर्षकमा विनियोजित रकम चालु अनुदान शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

लेखा सचिव

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : 9

४२. प्रचलित कानून बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन, स्रोतान्तर माग गर्दा अनिवार्य रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा समेत प्रविष्ट गरी माग गर्नु हुनेछ।

४३. वार्षिक स्वीकृत कार्यक्रमको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २२ को अधीनमा रही घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा रोक्का राखी रोक्का नम्बरसहित आर्थिक मामिला मन्त्रालयले तोकेको ढाँचामा रकमान्तर माग गर्नु गराउनु हुनेछ।

४४. त्रैमासिक अवधिमा भएको कार्यको दायित्व भुक्तानी सो अवधि समाप्त भएको अर्को महिनाभित्र अनिवार्य रुपमा फरफारक गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै पनि पुँजीगत तर्फको क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भए पछि पुनः सोही क्रियाकलापमा थप बजेटका लागि (थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) प्रस्ताव गर्नु हुने छैन।

४५. तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्वमा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ।

४६. बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम आर्थिक मामिला मन्त्रालयले स्रोत सहमति दिएको आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

४७. क्रमागत आयोजनाको रकमान्तर वा थप रकमको लागि बजेट माग गर्दा सम्बन्धित मन्त्रालयले आयोजनाको अवधि, कुल लागत, भौतिक तथा वित्तीय प्रगति सहितको निर्णय आर्थिक मामिला मन्त्रालयमा पेस गर्नु पर्नेछ। यसरी पेस भएको कागजातको आधारमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्य हेरी रकमान्तर वा थप रकम निकासा दिन सक्नेछ।

४८. बहुवर्षीय तथा क्रमागत आयोजना बाहेक चालु वर्षको आयोजनाको लागि रकमान्तर गरी बजेट थप गर्नु पर्ने भएमा त्यस्तो आयोजनामा सुरू विनियोजित रकमको शतप्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिनेछ।

४९. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब तथा भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ।

५०. पारिश्रमिक, भत्ता, बैठक भत्ता र कर कट्टी हुने भुक्तानीमा अनिवार्य रूपमा व्यक्तिगत स्थायी लेखा नम्बर वा स्थायी लेखा नम्बर उल्लेख गरेर मात्र भुक्तानी गर्नु हुनेछ।

५१. स्वीकृत दरबन्दी तथा विनियोजित बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरूको करार सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्ने व्यवस्था मिलाउनु हुनेछ।

५२. राजस्व, खर्च, कार्यसञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीबाट राख्ने र प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२५

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : ९

सुदूरपश्चिम प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय धनगढी, कैलाली नेपाल

५३. सरकारी निकायबाट सम्पादन हुने कार्यमा रहेको दोहोरोपना हटाउन र कार्यक्षेत्र तथा क्षेत्राधिकारको अन्यौल अन्त्य गर्न प्रदेश सरकारको स्थायी संरचनाबाट सम्पादन हुने नियमित कार्यका लागि नयाँ संरचना खडा गर्नु हुने छैन।

५४. कार्यालय सहयोगी तथा सवारी चालकको पदमा बाहेक अस्थायी, ज्यालादारी वा करारमा थप आर्थिक दायित्व पर्ने गरी नयाँ नियुक्ति गर्नु हुने छैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन।

५५. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता कायम गरी खर्च गर्नु हुनेछ।

५६. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्थाका वा सरकारी सभाहल उपलब्ध हुन नसकेको अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५७. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामाग्रीहरू खरिद नगरी कार्यालयमा उपलब्ध भएकोलाई नै मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ तथा थप खरिद सम्बन्धी प्रस्ताव पेस गर्दा पुरानो तथा काम नलाग्ने अवस्थामा पुगेका फर्निचरहरूको लिलाम बिक्री अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, एयर कन्डिसनर, कम्प्यूटर, ल्यापटप, प्रिन्टर खरिद गर्दा आवश्यकता र औचित्यतताको आधारमा मात्रै गर्नु हुनेछ।

५८. नयाँ चार पाङ्ग्रे सवारी साधन खरिद गर्नु पर्ने भएमा अनिवार्य रुपमा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ।

५९. सरकारी कार्यालयले सकेसम्म खाली भएका सरकारी भवनको प्रयोग गर्न प्राथमिकता दिनु हुनेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

६०. विभिन्न निकायमा रहेका दक्ष र कार्यकुशल जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय, संस्था र व्यक्तिबाट परामर्शदाता नियुक्त गरी कार्यालयको कार्यसम्पादन गराउने बढ्दो प्रवृत्तिलाई निरूत्साहित गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६१. ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वा वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको तीस प्रतिशतले हुन आउने रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताको नाम र स्थायी लेखा नम्बरबाट सम्बन्धित मूल्य अभिवृद्धि करको राजस्व शीर्षकमा जम्मा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६२. आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समेत विनियोजन भएको र गत आर्थिक वर्ष २०८१/८२ मा प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम विधिसम्मत रूपमा खर्च शीर्षक ३११५१-सडक तथा पूल निर्माण, खर्च शीर्षक ३११५५-सिँचाई संरचना निर्माण, खर्च

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : 9

शीर्षक ३११५६-खानेपानी संरचना निर्माण, खर्च शीर्षक ३११५८-सरसफाई संरचना निर्माण, खर्च शीर्षक ३११५९-अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट म.ले.प.फा.नं. २२१ भरी प्रमाणित भएको रकमको हकमा सम्बन्धित आयोजना तथा कार्यक्रमको जुनसुकै त्रैमासिकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्नुहुनेछ।

६३. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। बहुवर्षीय ठेक्का तथा स्रोत सहमति भएका आयोजनाको हकमा सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० बमोजिम गर्नु गराउनु हुनेछ।

६४. बेरुजु फस्यौंट सम्बन्धी कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ।

(ङ) <u>वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:</u>

६५. आर्थिक अनुशासन र मितव्ययिता कायम गर्दै आयोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण, लागत र समयावधि समेतलाई मध्यनजर गरी कार्यान्वयन गर्नु गराउनु हुनेछ।

६६. मन्त्रालय वा अन्य निकायको खर्चको विवरण मासिक रूपमा प्रकाशन वा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६७. आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन ठेक्का मूल्याङ्कनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रुपमा रहने व्यवस्था गरी नियमित अनुगमन तथा समीक्षा गर्नु हुनेछ। क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यसम्पादनको क्रममा आइपरेका समस्या र कारण उल्लेख गरी आवश्यक सहजीकरणको लागि समयमा नै यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

६८. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा माननीय आर्थिक मामिला मन्त्रीको अध्यक्षतामा त्रैमासिक अवधि समाप्त भएपछि गरिनेछ। कार्यक्रमको प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र यस मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा अनिवार्य रूपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

६९. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ ले फ्रिज नहुने भनी तोकेको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(च) <u>विविध:</u>

७०. प्रदेश विशेष प्रोत्साहन भत्तालाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ। उक्त भत्ता प्रदेश सञ्चित कोषबाट व्ययभार हुने गरी प्रदेशमा कार्यरत स्वीकृत दरबन्दीभित्रका राष्ट्रसेवक कर्मचारीका लागि मात्र भएकाले सोही अनुरूप गर्नु गराउनु हुनेछ।

७१. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं. १८० बमोजिम बृद्धि भएको रू. तीन हजार समेत गरी जम्मा रू. पाँच हजार प्रदेश निजामती सेवामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूका लागि सम्वत् २०८२ साउन १ गतेदेखि लागू हुने गरी भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८२/८३
चलानी नं. : ९

७२. तहाँ मन्त्रालय/कार्यालय तथा मातहतका निकायमा आन्तरिक भ्रमण शीर्षकमा विनियोजित रकम सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ बमोजिम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

७३. तहाँ मन्त्रालयबाट हुने अनुदान वितरण लगायतका कार्यसम्पादन गर्दा प्रचलित कानूनको अधीनमा रही सो सम्बन्धी आवश्यक कार्यविधि र मापदण्ड तर्जुमा गर्दा अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिनु नै हुनेछ।

७४. संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र यसको आधारमा तर्जुमा भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा नियमावली, २०८०, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ एवम् सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ मा उल्लिखित विषय प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने जिम्मेवारी पूर्णतः बहन गर्नु नै हुनेछ।

७५. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानूनमा उल्लेख भएका पारदर्शिता एवम् वित्तीय उत्तरदायित्व सुनिश्चित गर्ने व्यवस्थाको परिपालना गर्ने गराउने तथा उपलब्धिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गराउने कार्यसहित समग्र वित्तीय सुशासन कायम गर्न यहाँको भूमिका महत्वपूर्ण हुने विश्वास लिएको छु।

७६. आयोजना तथा कार्यक्रम कार्यान्वयनको सिलसिलामा सिर्जना हुन सक्ने वित्त जोखिम (Fiscal Risk) को आँकलन गरी वित्त जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु हुनेछ।

७७. आर्थिक वर्ष २०८२/८३ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको website: moea.sudurpashchim.gov.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ।

श्री प्रदेश सचिव/सचिव, सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

२५
२०८२।४।२
राजेन्द्र कुमार हमाल
(प्रदेश सचिव)

प्रदेश सचिव

<u>बोधार्थः</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलालीः सादर अवगतार्थ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, कैलाली।